A NEWSLETTER BY

# Hydro Solutions

Agro. Capital Market. Education. Hydropower. Industry. Real Estate. Tourism.

Volume 7 Issue 1 2022

www.hydrosolutions.com.np

## "Political mayhem is constricting FDI in hydro projects"



ER. GYANENDRA LAL PRADHAN
EXECUTIVE CHAIRMAN

Hydropower provides unique benefits that are rarely found in other sources of energy. Hydropower deserves full acknowledgment as an environment friendly and socially compatible clean sustainable renewable form of electricity generation. Hydropower is not only about energy production for productive sectors but also a powerful means of bringing in socio-economic transformation and development of villages. Completion of a single hydel project changes the economic and social landscape in villages. It provides employment opportunities, local infrastructure development like rural electrification, rural road and bridges, drinking water and irrigation schemes, health facilities, local skill development, empowerment through ownership (shares to the community based companies), market development, reduction in deforestation and many more. Nepal is immensely rich in Hydropower with annual run off of 224 billion meter cube. As per Hydro Solutions' (HSL) estimates, with more than 6000 rivers and rivulets, the total hydropower potential of Nepal stands at around 200,000 MW against the popularly assumed figure of 83,000 MW. Nepal- the fourth richest hydroelectric rich country in the world and second in Asia after China is a golden investment gateway to enter the huge energy craving and emerging Indian power market.

Changes in water levels in rivers and lakes, in ice sheets and even under the ground has been one of the key consequences of global warming. It is said that effect of global warming on hydropower is seen in the form of dry months flow going down and wet months flow increasing. Nepal is lucky on this. Due to its huge storage capacity, dry month production can be significantly augmented if properly regulated. This is also associated with other multiple benefits, such as flood control, increased regulated flow facilitating navigation and increased area under irrigation in lean season for regional benefit. Thus, in case of Nepal, global warming has minimum impact on Hydropower. It is encouraging to note that pre-construction activities of hydropower projects with cumulative capacity of 5000MW has been initiated in Nepal. This is estimated to bring in over 10 billion dollars equivalent FDI into the Country by 2010/11/12. Why don't you be the first to invest amongst the forerunners?

As a key player in the hydropower sector, the insights obtained into the dynamic intricacies of hydropower has motivated HSL to spearhead the initiative to provide comprehensive service on hydropower and contribute to sustainable hydropower development in hydroelectric rich Nepal. It is your confidence and belief in our team work that allows us to look forward to the increasing demands of the future with confidence. And for this, we would like to offer out heartfelt thanks.




## INSIDE

HSL's Corporate Social Responsibility(CSR)

Kodak Moment Er. Gyanendra Lal Pradhan Interview

Hydropower News

## MANAGEMENT QUOTES

"A manager sets objectives, organizes, motivates, and communicates, sets yardsticks, and measures to develop people."

– Peter Drucker

" Leadership is the art of getting someone else to do something you want done because he wants to do it. "

– Dwight D. Eisenhower

## Edtoon





# Corporate Social Responsibility(CSR)



*Our CSR mission is to maximize our positive influences and minimize negative effects on all of the communities within which we live, work and serve.*





Following late father Hira Lal Pradhan's legacy. Serving the old community.
Gita Mandir Dhulikhel.

# GENERAL UPDATES

“

Water is fluid, soft, and yielding. But water will wear away rock, which is rigid and cannot yield. As a rule, whatever is fluid, soft, and yielding will overcome whatever is rigid and hard. This is another paradox: what is soft is strong.

”

- Lao-Tzu (600 B.C.)

“

When you put your hand in a flowing stream, you touch the last that has gone before and the first of what is still to come."

”

- Leonardo da Vinci



# KODAK MOMENTS

# ER. GYANENDRA LAL PRADHAN



Miss Nepal International Miss Nancy Khadaka in Kasthamandap Rotary wheel chair distribution pgm.




13th South Asia Economic Summit. Hon. Meenakshi Lekhi, State Minister, Ministry of External Affairs & Culture,

# KODAK MOMENTS

# ER. GYANENDRA LAL PRADHAN




Federation Of Indian Industry (FII) delegates with
H.E. Dr. Shankar P. Sharma, Ambassador India.




Kathmandu University Convocation 2021
with management & students.

# KODAK MOMENTS

## Collections Interview

## ER. GYANENDRA LAL PRADHAN




YOUTUBE.COM
साँढे मोटाइसक्यो विचार गरेर लगानी गर्नुस् । || SHARE TALK || GLOBAL TV HD ||




YOUTUBE.COM
सेयर बजारबाट कसरी कमाउने? करोडौं डुबाएर फेरी अरबौं कमाएका प्रधानको खास टिप्स यस्तो, Market Talk




YOUTUBE.COM
कस्ता कम्पनीले अब लगानीकर्तालाई फसाउने वाला छन्? आउने बेरिस झन डरलाग्दो हुनेछ I Gyanendra lal Pradhan




YOUTUBE.COM
मौद्रिक नीतिले सेयर बजारमा कस्तो प्रभाव पार्ला ? लगानीकर्ता ज्ञानेन्द्रलाल प्रधानसंगको कुरा




YOUTUBE.COM
जलविद्युत कम्पनीले हकप्रद सेयर ल्याउनु गलत होइन, कडा नीति नियम चाहिन्छ | Gyanendra Lal Pradhan




YOUTUBE.COM
एमसीसीको नदोखिएका पाटोमा ज्ञानेन्द्र शाही, ज्ञानेन्द्रलाल प्रधान र भीमसेनदास प्रधानको चर्क




Mountain Television HD posted a video to playlist kharo prashna.
November 10, 2021 ·
यो मुर्कटाहरुले चलाएको देश हो, विकास कसरी हुन्छ ? || Kharo Prashna ||
Mountain Television HD




YOUTUBE.COM
शेयर बजार Bearish मा हो कि, करेक्सन मात्र भएको हो ? || Bulls & Bears@Business Plus Television




YOUTUBE.COM
आँहेलेको बजारमा भेट्रान लगानीकर्ता Gyanendra Lal Pradhan को कस्तो लगानी रणनिति? MCC र पूंजीबजार




YOUTUBE.COM
एमसीसीसंग राजनीतिक बेइमानी भेरहेको छ : ज्ञानेन्द्रलाल प्रधान, उर्जाविद्




YOUTUBE.COM
माफिया शेयर बजार सक्न लागे परे, जोगिएर कसरी लगानी गर्ने ? ज्ञानेन्द्रलाल प्रधानको सुझाव ।



YOUTUBE.COM
How was Loadshedding Solved? | Gyanendra Lal Pradhan | Sushant Pradhan Podcast



YOUTUBE.COM
Why there are More Imports in Nepal? | Gyanendra Lal Pradhan | Sushant Pradhan Podcast




YOUTUBE.COM
बजार Comfort Buying Zone मा, विस्तारै किने पछुताउनु पर्दैन- भेट्रान लगानीकर्ता Gyanendra Lal Pradhan

# विशेष आलेख : एमसीसी स्वीकार गर्नुको विकल्प छैन




नेपालमा राजनीतिक रुपमा परिवर्तन आइसकेको छ । तर, अबको पालो आर्थिक क्रान्तिको भनिए पनि त्यो भने पूरा हुन सकेको छैन । त्यसमाथि पछिल्लो समयमा देखिएको राजनीतिक अस्थिरताले आर्थिक क्रान्तिमा चुनौती थपिएको छ ।

यद्यपि, राजनीतिक अस्थिरता भए पनि आर्थिक क्रान्तिको बाटो भने छोड्नु हुँदैन । जुनसुकै अवस्था भए पनि मुलुक अब विकासको बाटोमा अगाडि बढ्नुको विकल्प छैन । र, हामी सबैले खाजेको पनि त्यही हो ।

कसैले समाजको विकास खाजेको होलान् त कसैले देशको । आफू र आफ्नो परिवारको विकास खोज्ने हुन्छन् । तर, सबैले खोजेको समग्र मुलुकको विकास नै हो ।

देश विकासलाई विशेषगरी दुई तरीकाले परिभाषित गर्न सकिन्छ । एउटा, पूर्वाधारको विकास आधारमा । पूर्वाधारको विकास कति भएको छ, त्यसले पनि समग्र देशको विकासको अवस्था देखाउँछ । आज चीनलाई विश्वको विकसित मुलुकका रुपमा हेरिन्छ । किनभने, त्यहाँ पूर्वाधारको विकास अमेरिकामा भन्दा राम्रो छ ।

यस्तै, बैंकक पनि अर्को उदाहरण हुन सक्छ । पहिला त्यहाँको विमानस्थलमा पुग्न ४ घण्टा पहिला नै घरबाट निस्कन पर्ने हुन्थ्यो । तर, अहिले त्यस्तो अवस्था छैन । किनकी, बैंकक्ले आफ्नो शहरमा राजमार्ग व्यापक मात्रामा विस्तार गर्‍यो ।

यसरी विदेशी मुलुकहरु विकसित हुनुका पछाडि पूर्वाधार विकास नै मुख्य आधार भएको देखिन्छ । तसर्थ, समग्र देश विकासका लागि पूर्वाधारको विकासमा जोड दिनुपर्छ ।
दोस्रो, आम जनताको आर्थिक विकास हो । यसले पनि समग्र मुलुकको विकास कस्तो छ भनेर देखाउँछ । तसर्थ, मुलुकको विकास लागि जनताको आर्थिक विकास पनि गर्नुपर्छ । तर, यसका लागि सरकारले नीतिगत सहयोग गरे मात्र पुग्छ ।

यो कुरा जलविद्युत् क्षेत्रमा भएको विकासले पनि पुष्टि गर्छ । सरकारले ११० वर्षमा ५००/ ६०० मेगावाट विद्युत् मात्रा उत्पादन गर्न सक्यो ।

तर, निजीक्षेत्रले २० वर्षमै ७००/८०० मेगावाट विद्युत् उत्पादन गर्‍यो । राज्यले नीतिगत रुपमा विभिन्न सहयोग गर्दा नै यो सम्भव भएको हो । राज्यले बैंकहरुलाई ऊर्जा क्षेत्रमा ऋण लगानी गर्नुपर्ने भनेर बाध्यकारी व्यवस्था गरिदियो । साथै, आयकरमा छूट, इम्पोर्ट ड्युटीमा छूट दिनेजस्ता सुविधा पनि राज्यले दियो । त्यसपछि आम जनताले ऊर्जाक्षेत्रमा लगानी गरे । त्यसको असरले ऊर्जाक्षेत्रको विकास भयो भने लगानी गर्ने जनताहरुको पनि आर्थिक विकास भयो । उनीहरुको आर्थिक विकासले सिंगो अर्थतन्त्र विकासमा पनि सहयोग पुगेको छ

यसरी पूर्वाधारको विकास र जनताको आर्थिक विकासले देशको विकासमा अर्थ राख्ने हो । यद्यपि, यस भित्र पनि धेरै कुराहरु छन् नै । तर, मुख्य भनेको आधार भने यही हो । तसर्थ, देशको विकास गर्न पूर्वाधारको विकास र जनताको आर्थिक विकास गर्ने नीति ल्याउनुपर्छ ।

तर, त्यसको लागि पूँजी पनि चाहिन्छ । तर, पैसा कहाँबाट ल्याउने भन्ने बहसको विषय हो । बजेटबाट पनि पूँजी ल्याउन सकिन्छ । तर, हाम्रो देशको बजेटबाट धेरै विकासको आशा गर्न सकिँदैन । हाम्रो देशको बजेटले सामान्य खर्च धान्न पनि धौधौ हुने गर्छ । त्यसैले हाम्रो बजेटबाट देशको विकास गर्न सकिँदैन ।

एमसीसी पठाउने वित्तिकै विश्व बैंकबाट आउने सहयोगहरू रोकिन थाल्ने सम्भावना छ । यसैगरी एडीबी, जाइका, जर्मन जीआईजेडका प्रोजेक्टहरू रोकिन्छन् । यो अवस्थामा दोस्रो विकल्प भनेको ऋण हो । वास्तवमा नेपालको विकासका लागि ऋण अपरिहार्य पनि छ । तर, हामीसँग स्वदेशी ऋण लिन पनि पर्याप्त मात्रामा ठाउँ छैन । त्यो अवस्थामा देश विकासका लागि विदेशी ऋण नै अहिलेको उपयुक्त माध्यम हो । अहिले हामी विदेशी ऋण लिन सक्षम पनि छौं र लिनु पनि पर्छ । किनभने, ऋण नलिएको मुलुक धनी भएको इतिहास छैन । त्यसैले विदेशी ऋण लिने मामलामा नेपाल पछि हट्नु हुँदैन ।

अहिले जापानसँग यतिका धेरै बजेट छ । तर, पनि उसले आफ्नो कुल गार्हस्थ्य उत्पादन ( जीडीपी) को २६० प्रतिशतभन्दा बढी विदेशी ऋण लिएको छ । तर, हामीले जीडीपीको ३०/३५ प्रतिशतको हारहारीमा मात्र विदेशी ऋण लिएका छौं ।

नेपालमा विदेशी ऋण लिनुलाई नकारात्मक रुपमा लिइन्छ । तर, ऋण लिनु नराम्रो होइन । विकसित मुलुक अमेरिकाले नै सबैभन्दा बढी विदेशी ऋण लिएको छ । यता चीनले पनि थुप्रै विदेशी ऋण लिएर विकास निर्माणको कार्यमा खर्च गर्दै आएको छ । तसर्थ, हामी ऋण लिने विषयमा पछि हट्नु हुँदैन । ३० वर्षअघि नेवार समुदाय व्यापार व्यवसायमा उच्च स्थानमा थिए । तर, अहिले मारवाडी समुदायले त्यो स्थान ओगटेका छ । किनभने, उनीहरुले ऋण लिएर व्यापार व्यवसाय गर्न थाले ।तसर्थ, विकासका लागि ऋण महत्त्वपूर्ण छ । त्यसैले अब नेपालको विकास गर्न ऋण लिनु अपरिहार्य देखिन्छ । अहिलेको अर्थव्यवस्था र अवस्थाअनुसार विदेशी ऋण लिने बेला पनि छ । हामीले यो मौका गुमाउन हुँदैन ।

अब ऋण लिएर नै देश विकासमा जोड दिनुपर्छ । त्यसमा पनि पहिले पूर्वाधारको विकासमा जोड दिनुपर्छ । यद्यपि, पहिला कुन पूर्वाधार बनाउने भनेर पहिचान भने गर्नुपर्छ । निजगढ अन्तरराष्ट्रिय विमानस्थल, वीरगञ्ज-काठमाडौं विद्युतीय रेलमार्ग, पूर्व-पश्चिम रेलमार्ग, चीनको रेल, विद्युतीय प्रसारण लाइनलगायतमध्ये कुन पूर्वाधार पहिलो प्राथमिकता हो, त्यो पहिचान गर्नुपर्छ र सोहीअनुसार विदेशी ऋण ल्याएर लगानी गर्नुपर्छ ।

हामीले देश विकासका लागि विदेशी ऋण तथा अनुदान लिनु अपरिहार्य छ । यो अवस्थामा एमसीसी स्वीकार गर्नुको विकल्प छैन ।

नेपालले जीडीपीको शतप्रतिशत अर्थात् ४३ खर्ब रूपैयाँ बराबरको ऋण खाजे पनि पाउँछ । त्यसमा जोखिम पनि हुँदैन । तर, त्यो ऋण कस्तो क्षेत्रमा लगानी गर्ने ? त्यसमा ध्यान दिनुपर्छ । हामीले विदेशी ऋण उत्पानशील क्षेत्रमा लगानी गर्नुपर्छ । ताकि, हामीले त्यही आयोजनाबाट कमाएर त्यो ऋण तिर्न सकियोस् । पाकिस्तानले पनि विदेशी ऋण ल्याएको थियो । तर, उसले त्यो सैनिकमा लगानी गर्‍यो । फलस्वरुप उसलाई अहिले त्यो ऋण गाह्रो भएको छ । यदि, उत्पादनशील क्षेत्रमा लगानी गरेको भए त्यस्तो हुने थिएन । अहिले श्रीलंकाले १ दशमलव २ विलियन डलर र १ दशमलव ४ विलियन डलर गरेर दुई किस्ता विदेशी ऋण तिर्न बाँकी छ । तर, उसँग पैसा नै छैन । हाल श्रीलंकासँग २ विलियन डलर मात्र पैसा छ । सन् १९९० मा भारतसँग १५ दिनको आयातलाई धान्न पुग्ने मात्र विदेशी मुद्रा सञ्चित थियो । तर, नेपालमा ११/१२ महीनाकै आयात धान्न पुग्ने विदेशी मुद्रा बचत भएको इतिहास छ । ६/७ महीनाको आयात धान्न पुग्ने विदेशी मुद्रा सञ्चिति त सधैं नै हुने गर्छ । त्यसकारण अहिले हामी ऋण लिन बलियो अवस्थामा छौं । तसर्थ, ऋण लिने मौका गुमाउन हुँदैन ।

तर, ऋणभन्दा राम्रो व्यवस्था भनेको अनुदान हो । ऋण फिर्ता गर्नुपर्छ । तर, अनुदान फिर्ता गर्न पर्दैन । तसर्थ, ऋण भन्दा अनुदान नै राम्रो हो । यद्यपि, अनुदानबापत आएको रकम व्यापार, अनुत्पादक क्षेत्रमा भने लगानी गर्न हुँदैन । अनुदान त पूर्वाधारमा लगाउने हो । किनकि, त्यहाँ प्रतिफल तुरुन्त आउँदैन । तर, त्यो पूर्वाधार नभई पनि हुँदैन । तसर्थ, अनुदान पूर्वाधारमा नै लगानी गर्नुपर्ने हुन्छ ।

विकसित मुलुक अमेरिकाले नै सबैभन्दा बढी विदेशी ऋण लिएको छ । यता चीनले पनि थुप्रै विदेशी ऋण लिएर विकास निर्माणको कार्यमा खर्च गर्दै आएको छ । तसर्थ, हामी ऋण लिने विषयमा पछि हट्नु हुँदैन ।

अनुदान पनि केमा चाहिएको भन्ने पनि महत्त्वपूर्ण विषय हो । मेरो विचारमा अहिले अनुदान जलविद्युत्सम्बन्धी पूर्वाधारको विकासमा चाहिएको छ । किनभने, भविष्यको अर्थ व्यवस्थाको सबैभन्दा ठूलो स्रोत जलविद्युत् क्षेत्र नै बन्दै छ । त्यसैले हामीले अहिलेदेखि नै जलविद्युत्लाई चाहिने प्रसारण लाइनजस्ता पूर्वाधारको विकास गर्नुपर्छ । अहिले प्रसारणलाइन बनाउन नसक्दा निजीक्षेत्रकै २००/३०० मेगावाट विजुली खेर गएको छ । त्यसैले अहिले प्रसारण लाइनको निर्माण गर्नु अपरिहार्य छ । त्यही भएर नै अमेरिकी सहयोग अनुदान, मिलिनियम च्यालेन्ज कर्पोरेशन (एसीसी) को आवश्यकता महसूस गरिएको हो । र, त्यो अनुदान ल्याउन लागिएको हो । किनकी, यसले विद्युत् क्षेत्रलाई चाहिने २५ वर्षको पूर्वाधार तयार गर्छ । तर, अहिले यसको अनावश्यक रुपमा विरोध गरिएको छ ।

नेपालमा पूर्वाधारतर्फ चन्द्रज्योति प्रसारण लाइनमा पहिलोपटक विदेशी अनुदान आएको थियो । त्यसमा यूकेको अनुदान थियो । यसपछि त्रिभुवन राजपथमा भारतको, पृथ्वी राजमार्गमा चीनको, पूर्वपश्चिम राजमार्ग रसियालगायत धेरै मुलुकको अनुदानमा बनेको थियो ।

यस्तै, पछिल्लो समय नागढुंगा सुरूङमार्ग जापानको जाइकाको ऋणमा बन्दै छ । पोखराको अन्तरराष्ट्रिय विमानस्थल चीनको ऋणमा बन्दै छ । यसरी नेपालमा विकास गर्न विदेशी ऋण तथा अनुदान लिनुपर्ने बाध्यता छ ।

तर, एमसीसीका विरोधीहरु आफ्नै पैसाले देशको विकास गर्न सकिन्छ भनेर भन्नुहुन्छ जुन तत्काल सम्भव छैन । राजस्वबाट उठ्ने पूँजीले मात्र विकास सम्भव छैन । म त भन्छु, नेपालको बजेटबाट विकासको आश नगरे पनि हुन्छ । तसर्थ, हामीले देश विकासका लागि विदेशी ऋण तथा अनुदान लिनु अपरिहार्य छ । यो अवस्थामा एमसीसी स्वीकार गर्नुको विकल्प छैन ।

यो त एउटा ननकन्डिशनल अनुदान हो । यसमा जति शर्त राखिएका छन्, त्यो सम्बद्ध आयोजना विकाससँग मात्रा जोडिएका छन् । तसर्थ, यसको शर्तको विषयलाई लिएर डराउनुपर्ने अवस्था छैन ।

नेपालमा कुनै पनि आयोजना बनाउन पनि २०/३० वर्ष लाग्ने गरेको देखिन्छ । मेलम्ची खानेपानी, पूर्वपश्चिम राजमार्गलगायत थुप्रै आयोजना वर्षौं लगाएर निर्माण गरियो । एमसीसीअन्तर्गत बन्ने आयोजनामा पनि यस्तो अवस्था नआओस् भनेर विभिन्न शर्त राखिएका हुन् । आयोजनाको निर्माण शुरु भएको ५ वर्षभित्र सम्पन्न गरिसक्नुपर्ने भन्ने शर्त पनि नराम्रो हुन्छ र ? तसर्थ, यसको शर्तको विषयमा डराउनुपर्ने अवस्था छैन ।

साथै, एमसीसीले नेपाललाई दुईओटा फाइदा गर्छ । यसले अहिले बनिरहेको २ हजार ५०० मेगावाट क्षमताका जलविद्युत् र भविष्यमा आउने हजारौं मेगावाट विद्युत्लाई चाहिने पूर्वाधार तयार गर्छ । यसका अलावा यसले प्रसारण लाइनको पहुँच भारतसम्म पुर्‍याउने छ । विद्युत् विस्तारमा पनि यसले महत्वपूर्ण योगदान गर्न सक्छ । यसले वीरगञ्ज, बुटवलदेखि पोखरा, काठमाडौं सबै ठाउँमा यसले विद्युत् जोडिदिन्छ । त्यसकारण पनि यो आवश्यक छ ।

तर, अहिले यो अनुदान चाहिँदैन भनेर हल्ला पिटिएको छ । चाहिँदैन भने पनि ठीक छ । जम्मा ६० अर्ब रूपैयाँको कुरा न हो । नेपाल आफैले पनि जुटाउन सक्छ । तर, गाउँगाउँमा जाने बजेट काटेर यसमा लगानी गर्दा गाउँको हालत के हुन्छ होला ? यसतर्फ पनि ध्यान दिन आवश्यक छ ।

मान्छेको मेरुदण्डले ठ्याक्कै देखिने गरी केही काम गर्दैन । शरीरका अन्य अंगले विभिन्न काम गर्छन् । आँखाले हेर्ने, हातले काम गर्ने, कानले सुन्ने र मुखले बोल्ने काम गर्छ । यस्तै अन्य अंगले पनि छुट्टाछुट्टै काम गर्छन् । मेरुदण्डले भने केही काम गर्दैन । तर, शरीरमा मेरुदण्ड भएन भने केही पनि चल्दैन । एमसीसीअन्तर्गत बन्ने प्रसारण लाइन पनि समग्र आर्थिक विकासको मेरुदण्ड जस्तै हो । तसर्थ, यसको आवश्यकता र महत्वको विषयलाई दृष्टिगत गर्दै स्वीकृति गर्नुपर्छ ।

एमसीसीको विरोध गर्नुअघि यसको पारदर्शिता पनि हेर्नुपर्छ । एसीसी एउटा अमेरिकी संस्थान हो । नेपालमा यसको कुनै सम्पर्क कार्यालय पनि छैन । हामीले कुरा गर्नुपर्ने मिलेनियम च्यालेन्ज एकाउन्ट (एमसीए) हो, जसका बोर्ड मेम्बर सबै नेपाली छन् । अमेरिकी एक जना पनि छैनन् । उनीहरुमार्फत नै एमसीसीबाट आउने रकम परिचालन हुने हो । कम्तीमा जनताहरुले उनीहरुलाई विश्वास त गर्न पर्‍यो नि । सडकमा कराएर मात्रा समाधान हुने त होइन ।

यस्तै, नागढुंगाको सुरूङमार्ग जाइकाको ऋण लगानीमा बन्दै छ । त्यसको अधिकांश रकम जापान नै जान्छ । ठेकदार को हुन्छ ? कहिले निर्माण शुरु हुन्छ ? कति खर्च भयो ? भनेर हामीलाई थाहा हुँदैन । त्यसमाथि त्यो सुरूङमार्ग बनाउँदा पर्ने असरमा जापान सरकार जिम्मेवार हुँदैन । नेपाल नै जिम्मेवार हुने हो ।

एमसीसीले नेपाललाई दुईओटा फाइदा गर्छ । यसले अहिले बनिरहेको २ हजार ५०० मेगावाट क्षमताका जलविद्युत् र भविष्यमा आउने हजारौं मेगावाट विद्युत्लाई चाहिने पूर्वाधार तयार गर्छ । यसका अलावा यसले प्रसारण लाइनको पहुँच भारतसम्म पुर्‍याउने छ ।
यस्तै काठमाडौं चक्रपथ विस्तार जम्मा ६ अर्बको प्रोजेक्ट हो । तर, सम्बद्ध ठेकदारले पहिले नै ७ अर्ब रूपैयाँ लगिसक्यो । अझै पनि १०/११ अर्ब रूपैयाँ मागिरहेको छ भन्ने सुनिन्छ । र, पनि हामी दिइरहेका छौं । यद्यपि, यसमा केही विरोध छैन । तर, एमसीसीमा शतप्रतिशत ट्रान्सपेरन्सी छ । एसीसीको लेखामा त महालेखाले पनि कमेन्ट गरेको छ । अभियन्ता आफैले पढ्न पाउँछन् । तर पनि यसको विरोध गरिँदै आइएको छ, जुन आवश्यक होइन ।

एमसीसीको बहस विरोधका लागि गर्ने कि विकासका लागि गर्ने भन्ने पनि महत्त्वपूर्ण विषय हो । यद्यपि, एमसीसीमा केही कमजोरी छ । शतप्रतिशत ठीक छ भनेर म पनि भन्दिनँ । तर, तौलिँदा नेपालको हितमा नै बढी देखिन्छ ।

हामीले श्रीलंकाले जसरी हस्ताक्षर नै नगरेको भए फिर्ता पठाइदिए पनि केही हुने थिएन । त्यसमा मेरो पनि समर्थन हुने थियो । बेकारमा द्वन्द्व गरेर बस्नुभन्दा केही समय गरीबीमा नै बस्न ठीक लाग्थ्यो । राज्य धनी भए पनि आफ्नै पैसाले बनाउला भनेर बसे हुन्थ्यो । तर, हामीले एमसीसीमा हस्ताक्षर गरिसकेका छौं । अब संसद्बाट अनुमोदन गर्न मात्र बाँकी हो । यो अवस्थामा यो फिर्ता गर्नु नेपालका लागि बेफाइदा हुन पनि सक्छ ।

एमसीसी स्वीकृत नगर्दा के हुन्छ ? त्यसतर्फ पनि ध्यान दिनुपर्छ । विश्व बैंकमा अमेरिकाको नै नियन्त्रण छ । एमसीसी फिर्ता पठाउनेबित्तिकै विश्व बैंकबाट आउने सहयोगहरु रोकिन थाल्ने सम्भावना छ । यसैगरी एडीबी, जाइका, जर्मन जीआईजेडका प्रोजेक्टहरु रोकिन्छन् । नेपालका सम्पूर्ण विदेशी दाताको हामीप्रतिको विश्वसनीयता जान्छ । तसर्थ, हामीले एमसीसी स्वीकार गर्नुपर्छ ।

यस्तै, एमसीसी महँगो भयो पनि भनिन्छ । नेपाल विद्युत् प्राधिकरणले प्रति किलोमीटर ४ करोडमा प्रसारणलाइन बनाउँछ । तर, यसमा प्रतिकिलोमीटर २० करोड रूपैयाँ खर्च हुन्छ भनिएको छ । यसरी एमसीसीअन्तर्गत बन्ने प्रसारण लाइन प्राधिकरणको भन्दा पनि सस्तोमा बन्न सक्छ ।

त्यहाँ तीनओटा ठूलाठूला सबस्टेशन छन् । सबस्टेशनमा खर्च हुने पैसा, जग्गाको मुआब्जामा हुने खर्च कटाउने हो भने प्राधिकरणको भन्दा पनि सस्तोमा यो आयोजना बन्छ । यो कुरा विरोधी साथीहरुले बुझ्न आवश्यक छ ।

अहिले बुटवल गोरखपुर दोस्रो अन्तरदेशीय प्रसाण लाइनको निर्माणमा सम्झौता हुनुको पछाडि पनि एमसीसीको नै हात छ । भारतले ७ वर्षसम्म उक्त आयोजनाका विषयमा सम्झौता गर्न मानेको थिएन । तर, अहिले भारत खण्डको प्रसारण लाइनमा संयुक्त लगानीमा बनाउने गरी सहमति भइसकेको छ । यसको पछाडि पनि एमसीसी नै छ । अमेरिकी पावरकै कारण यस्तो भएको हो । तसर्थ, एमसीसी फिर्ता पठाउनु हुँदैन । किनकी, यो पूर्वाधारसँग मात्र नभएर देश विकाससँग जोडिएको छ । पूर्वाधार पनि तत्काल नै बनाउनुपर्ने छ ।

यो वर्ष धान रोप्न ढिला भयो भने अर्को वर्ष रोप्न सकिन्छ । तर, पूर्वाधारको विकासमा त्यस्तो हुँदैन । ३० वर्षअघि अरूण-३ जलविद्युत् आयोजना बनाएको भए अहिलेसम्म त्यो क्षेत्रको विकास उच्चस्तरमा पुग्थ्यो । चीनसँग पनि ठूलो हाइवे जोडिएको हुन्थ्यो । तर, त्यो आयोजना नबनाउँदा त्यस्तो हुन सकेन ।

एमसीसी ल्याएपछि अमेरिकी सेना आउँछ भनिएको छ । त्यसमा पनि सत्यता छैन । हामीले अफगानिस्तानको मात्र उदाहरण हेरेर हुँदैन । जापान, दक्षिण कोरिया बनाउनेमा अमेरिकाको नै हात थियो । अहिले आएर अरूण-३ बनाउन थालिएको छ, जुन पहिलाको तुलनामा महँगो पनि पर्न गएको छ । तसर्थ, पूर्वाधारको विकास गर्न ढिला गर्न हुँदैन । त्यही भएर मलाई एसीसीको विरोध गर्नेहरुका विरूद्धमा बोल्न मन लाग्छ । नत्र मलाई पनि यसरी उनीहरुको विरूद्धमा बोल्न मन छैन । तर, मलाई अरूण-३ को झल्झली याद आउँछ । त्यसबेला म यसरी बोल्न सक्ने पनि भएको थिइनँ । तर, अहिले बोल्नुपर्छ भन्ने लाग्छ । अब एससीसीलाई विनासंकोच मजाले संसद्बाट अनुमोदन गर्नुपर्छ । सडकको पछाडि लागेर हुँदैन ।

एमसीसी ल्याएपछि अमेरिकी सेना आउँछ भनिएको छ । त्यसमा पनि सत्यता छैन । हामीले अफगानिस्तानको मात्र उदाहरण हेरेर हुँदैन । जापान, दक्षिण कोरिया बनाउनेमा अमेरिकाको नै हात थियो । यस्तै, ताइवान पनि अमेरिकाले गर्दा नै विकसित भएको हो । तसर्थ, हामीले यो दृष्टिकोणबाट पनि एमसीसीलाई हेर्न आवश्यक छ । समग्रमा देशको विकासको लागि एमसीसीको ठूलो आवश्यकता छ । सडकबाट केही मान्छेले विरोध गरे भन्दैमा सरकार पछि हट्नु हुँदैन । यदि, सडककै पछि लागियो र फिर्ता पठाइयो भने देश विकासमा चुनौती आउन सक्छ ।

शतप्रतिशत ट्रान्सपेरन्सी छ । एसीसीको लेखामा त महालेखाले पनि कमेन्ट गरेको छ । अभियन्ता आफैले पढ्न पाउँछन् । तर पनि यसको विरोध गरिँदै आइएको छ, जुन आवश्यक होइन ।

एमसीसीको बहस विरोधका लागि गर्ने कि विकासका लागि गर्ने भन्ने पनि महत्त्वपूर्ण विषय हो । यद्यपि, एमसीसीमा केही कमजोरी छ । शतप्रतिशत ठीक छ भनेर म पनि भन्दिनँ । तर, तौलिँदा नेपालको हितमा नै बढी देखिन्छ ।

हामीले श्रीलंकाले जसरी हस्ताक्षर नै नगरेको भए फिर्ता पठाइदिए पनि केही हुने थिएन । त्यसमा मेरो पनि समर्थन हुने थियो । बेकारमा द्वन्द्व गरेर बस्नुभन्दा केही समय गरीबीमा नै बस्न ठीक लाग्थ्यो । राज्य धनी भए पनि आफ्नै पैसाले बनाउला भनेर बसे हुन्थ्यो । तर, हामीले एमसीसीमा हस्ताक्षर गरिसकेका छौं । अब संसद्बाट अनुमोदन गर्न मात्र बाँकी हो । यो अवस्थामा यो फिर्ता गर्नु नेपालका लागि बेफाइदा हुन पनि सक्छ ।

एमसीसी स्वीकृत नगर्दा के हुन्छ ? त्यसतर्फ पनि ध्यान दिनुपर्छ । विश्व बैंकमा अमेरिकाको नै नियन्त्रण छ । एमसीसी फिर्ता पठाउनेबित्तिकै विश्व बैंकबाट आउने सहयोगहरू रोकिन थाल्ने सम्भावना छ । यसैगरी एडीबी, जाइका, जर्मन जीआईजेडका प्रोजेक्टहरू रोकिन्छन् । नेपालका सम्पूर्ण विदेशी दाताको हामीप्रतिको विश्वसनीयता जान्छ । तसर्थ, हामीले एमसीसी स्वीकार गर्नुपर्छ ।

यस्तै, एमसीसी महँगो भयो पनि भनिन्छ । नेपाल विद्युत् प्राधिकरणले प्रति किलोमीटर ४ करोडमा प्रसारणलाइन बनाउँछ । तर, यसमा प्रतिकिलोमीटर २० करोड रुपैयाँ खर्च हुन्छ भनिएको छ । यसरी एमसीसीअन्तर्गत बन्ने प्रसारण लाइन प्राधिकरणको भन्दा पनि सस्तोमा बन्न सक्छ ।

त्यहाँ तीनओटा ठूलाठूला सबस्टेशन छन् । सबस्टेशनमा खर्च हुने पैसा, जग्गाको मुआब्जामा हुने खर्च कटाउने हो भने प्राधिकरणको भन्दा पनि सस्तोमा यो आयोजना बन्छ । यो कुरा विरोधी साथीहरूले बुझ्न आवश्यक छ ।

अहिले बुटवल गोरखपुर दोस्रो अन्तरदेशीय प्रसाण लाइनको निर्माणमा सम्झौता हुनुको पछाडि पनि एमसीसीको नै हात छ । भारतले ७ वर्षसम्म उक्त आयोजनाका विषयमा सम्झौता गर्न मानेको थिएन । तर, अहिले भारत खण्डको प्रसारण लाइनमा संयुक्त लगानीमा बनाउने गरी सहमति भइसकेको छ । यसको पछाडि पनि एमसीसी नै छ । अमेरिकी पावरकै कारण यस्तो भएको हो । तसर्थ, एमसीसी फिर्ता पठाउनु हुँदैन । किनकी, यो पूर्वाधारसँग मात्र नभएर देश विकाससँग जोडिएको छ । पूर्वाधार पनि तत्काल नै बनाउनुपर्ने छ ।

यो वर्ष धान रोप्न ढिला भयो भने अर्को वर्ष रोप्न सकिन्छ । तर, पूर्वाधारको विकासमा त्यस्तो हुँदैन । ३० वर्षअघि अरुण-३ जलविद्युत् आयोजना बनाएको भए अहिलेसम्म त्यो क्षेत्रको विकास उच्चस्तरमा पुग्थ्यो । चीनसँग पनि ठूलो हाइवे जोडिएको हुन्थ्यो । तर, त्यो आयोजना नबनाउँदा त्यस्तो हुन सकेन ।

एमसीसी ल्याएपछि अमेरिकी सेना आउँछ भनिएको छ । त्यसमा पनि सत्यता छैन । हामीले अफगानिस्तानको मात्र उदाहरण हेरेर हुँदैन । जापान, दक्षिण कोरिया बनाउनेमा अमेरिकाको नै हात थियो ।

अहिले आएर अरुण-३ बनाउन थालिएको छ, जुन पहिलाको तुलनामा महँगो पनि पर्न गएको छ । तसर्थ, पूर्वाधारको विकास गर्न ढिला गर्न हुँदैन । त्यही भएर मलाई एसीसीको विरोध गर्नेहरूका विरुद्धमा बोल्न मन लाग्छ । नत्र मलाई पनि यसरी उनीहरूको विरुद्धमा बोल्न मन छैन । तर, मलाई अरुण-३ को झल्झली याद आउँछ । त्यसबेला म यसरी बोल्न सक्ने पनि भएको थिइनँ । तर, अहिले बोल्नुपर्छ भन्ने लाग्छ । अब एससीसीलाई विनासंकोच मजाले संसद्बाट अनुमोदन गर्नुपर्छ । सडकको पछाडि लागेर हुँदैन ।

एमसीसी ल्याएपछि अमेरिकी सेना आउँछ भनिएको छ । त्यसमा पनि सत्यता छैन । हामीले अफगानिस्तानको मात्र उदाहरण हेरेर हुँदैन । जापान, दक्षिण कोरिया बनाउनेमा अमेरिकाको नै हात थियो । यस्तै, ताइवान पनि अमेरिकाले गर्दा नै विकसित भएको हो । तसर्थ, हामीले यो दृष्टिकोणबाट पनि एमसीसीलाई हेर्न आवश्यक छ । समग्रमा देशको विकासको लागि एमसीसीको ठूलो आवश्यकता छ । सडकबाट केही मान्छेले विरोध गरे भन्दैमा सरकार पछि हट्नु हुँदैन । यदि, सडककै पछि लागियो र फिर्ता पठाइयो भने देश विकासमा चुनौती आउन सक्छ ।

# प्राधिकरणले विद्युतको बजार खोजेन



विजुलीको अहिले २ हजार मेगावाट इन्स्टल क्यापासिटी हो । पिक आवरमा १५ सय मेगावाट लोड हुन्छ । दिउँसो र राती कम छ । कुलमान घिसिङ भारतको यात्राबाट फर्केपछि विहारसँग विद्युत लिने दिने सहमति भएको भन्ने प्रचार भयो । यसले आम जनतामा विद्युत बढी भएछ भन्ने भ्रम भएको छ । त्यो सत प्रतिशत गलत छ । प्राधिकरणले बजार खोजेन त्यो सत्य हो । लोड सेडिङको अन्त्य, निजी क्षेत्रलाई सहयोग जस्ता राम्रा कार्य पनि गरेको छ । तरपनि प्राधिकरणले विद्युतको बजार नखोज्दा सरप्लस भएछ कि भन्ने बहस चलाइएको छ ।

मुख्य कुरा प्राधिकरणले बजार नखोजेर ठूलो गल्ती गरेको छ । पहिलो कुरा हामी विद्युतलाई विद्युत नभनौ । सम्पूर्ण नेपालको ऊर्जाको माग कति छ त ? र विद्युतले कति ठाउँ लिन सक्छ । नेपाल विद्युत प्राधिकरणले बजार खोजेन भन्दैमा यो क्षेत्र नै गलत हो भन्न मिल्दैन । यदि कसैले उद्योग स्थापना गर्छ भने उसले पहिला बजार खोज्छ । तर प्राधिकरणले बजार खोजेन । गत साल जम्मा नेविप्राले सप्लाई गरेको विद्युतलाई हेर्ने हो भने ८ हजार गिगावाट प्रति घण्टा रहेको छ । जसको मूल्य ७५ अर्ब हुन्छ । हामीसँग पेट्रोल डिजेल छैन । ग्याँस कोइला छैन । केही मात्रामा दाउरा छ । बाँकी ऊर्जाको स्रोत भनेको विजुली नै हो ।

हामीसँग भएको ऊर्जाको युनिटमा यी वस्तुमा मापन गर्नु आवश्यक हुन्छ । जसबाट थाहा हुन्छ, दाउरा ग्याँस, पेट्रोल र डिजेलबाट कति आउने रहेछ भन्ने कुरा । यी सबैलाई जोड्दा विद्युत जम्मा ४ प्रतिशत मात्र सप्लाई गरेको रहेछ । यसरी हेर्दा ८ हजार गिगावाटलाई ४ प्रतिशत मान्ने हो भने जम्मा माग कति हो भन्दा २ लाख गिगावाट प्रति घण्टा हुने रहेछ । यसरी हेर्दा हाम्रो बजारको माग भनेको २ लाख गिगावाट हो । हाम्रो अहिलेको विद्युत सप्लाई भनेको ८ हजार छ । यसरी हेर्दा विद्युत बढी भएको मान्न सकिन्न् ।

ऊर्जाको सम्पूर्ण बजार विद्युतले धान्न सक्दैन । यसका आफ्नै सीमा रहेका छन् । कतिमा दाउरा चाहिन्छ । कतिस्थानमा ग्याँस, कतिमा पेट्रोल आवश्यक पर्छ । जस्तो एउटा गाडी चलाउन त डिजेल नै चाहिन्छ । अरू देशको अध्ययनले के देखाउँछ भने जम्मा ऊर्जाको ४० प्रतिशत मात्र विद्युत ऊर्जाले काम गर्न सक्छ । त्यो भनेको ८० हजार गिगावाट हो । यतिवेला हाम्रो आपूर्ति भने ८ हजार मात्र रहेको छ ।

यसको अर्थ के हो भने आज भएको आपूर्तिको दश गुणा बढीसम्म बिक्छ । अबको हाम्रो प्राथमिकता भनेको यही खपत गर्ने वा विदेश पठाउने हो । विदेश पठायो भने दुई चार रूपैयाँ भारू आउला । त्यो दर भनेको निजी क्षेत्रले दिएको भन्दा कम हो । अर्को कुरा यही खपत गरियो भने एक डलर त यही कमाउन सक्छ । किनभने त्यसले उत्पादन बढाउँछ ।

के मा खपत गर्ने त भन्दा उद्योगीले मागेको लाइनमा के का लागि भनेर अहिलेसम्म सोधिएको छैन । यसको अर्थ के हो भने उद्योगमा नै चारसय देखि साढे चार सय मेवा विद्युत लिन अहिले पनि उद्योगी तयार भएर बसेका छन् । होङ्सी सिमेन्टले विगत लामो समयदेखि डिजेलबाट बत्ति उत्पादन गरेर सिमेन्ट उत्पादन गरिरहेको छ । उसले मागेको विद्युत हामीले दिन नसकेका कारण नै उसले डिजेल प्रयोग गर्नु परिरहेको छ । त्यसको समाधान गर्न सकिन्थ्यो । तर गरिएको छैन । अनि हामी कसरी भन्न सक्छौ कि बजार छैन भनेर । छ महिनाको समयभित्र पूर्वाधार तयार गरी उद्योगमा मात्र यहाँ पाँचसय मेगावाट खपत हुन्छ ।

यसमा वनका समस्या, ट्रान्समिसन लाइनका जे समस्या छन् तिनको निराकरणमा जानु पर्यो । त्यो काम गरेका छैनौं । तर बजार छैन भन्ने मात्र हाम्रो दिमाखमा छ । आजको मागको ३३ प्रतिशत त उद्योगले नै लिन्छ । यसका लागि उनीहरूले निवेदनसमेत दिइ सकेको अवस्था छ । उद्योगमा दिन सकेन भन्ने होइन किन दिन सकेन भनेर कारण खोज्ने हो । त्यसमा अल्झाउनेको पनि पहिचान हुनु पर्यो । त्यसको लागि छ महिना भन्दा बढी समय लाग्दैन ।

अहिलेको १५ सय मेवालाई २ हजार पुर्याउन गाह्रो छैन । दोस्रो कुरा नयाँ पोलिसी आएको छ । ब्लेड उद्योगलाई अहिले छुट दिने भनेको छ ।

हाम्रो देशमा करिब १५ लाख टन रड आयात भइरहेको छ । त्यो नेपालमा बनाउन सकिन्छ । त्यसमा विद्युत नै प्रयोग हुन्छ । त्यसमा सिमेन्टलाई जस्तो कोइला आवश्यक पर्दैन । त्यसकारण उद्योगका लागि चाहिने कच्चा पदार्थ यही मगाएर बनाउने हो भने त्यसले थप १० खर्बको विजुली खपत गर्न सकिन्छ । अघिल्लो वर्ष हाम्रो ७५ अर्बको विजुली खपतमा १० अर्ब थप्ने हो भने ८५ अर्बको विजुली खपत हुन्छ । यो भनेको थप १५ प्रतिशत हो । यो उद्योगले लिन सक्छ । त्यसका लागि एक वर्षको समय लाग्न सक्छ ।

यी उद्योगलाई भुटानले जस्तो सहज हुने तरिकाले काम गर्नका लागि वातावरण निर्धारण गर्नु पर्यो । नेविप्रा अहिले गलत बाटोमा हिडिरहेको छ । ऊ बजार विस्तार गर्ने योजना भन्दा रेट बढाउने तर्फउन्मुख भएको छ । यो गलत हो । हाम्रो तेस्रो बढी ऊर्जा खपत गर्ने भनेको खाना पकाउन हो । यसका लागि ग्यास र विजुली हो । ग्यास त हामीसँग छैन । कोइला र दाउराले वातारणमा असर पार्छ । विश्वमा हेर्ने हो भने खाना पकाउनका लागि उनीहरूले विजुलीलाई नै प्रयोग गर्ने गरेको पाइन्छ । ग्यासको प्रयोग खाडी मुलुकमा बढी छ । नेपालमा ३५ लाखको भान्सामा ग्यास छ ।करिब हामी ४० अर्बको ग्यास बार्षिक रूपमा किनिरहेका छौ । यो भन्दा सस्तोमा इन्डक्सनमा खाना बनाउन मिल्छ । मानौं पाँच जनाको परिवारलाई खाना बनाउन पन्ध्र सय लाग्छ भने इन्डक्सनमा नौ सयले पुग्छ । ग्यासमा हामी अनुदान दिन्छौ, तर बत्तिमा छैन । हो, हाम्रो नीति यही गलत छ । ग्यासमा ४१८ अनुदान दिएका छौ । त्यसमा घाटा खाइरहेका छौ । एक घरमा एक किलोवाट मात्र लोड दिने हो भने ३५ लाख किलोवाट त खाना पकाउनका मात्र खपत गर्न सक्छौ । त्यसका लागि चाहिने चुल्हो अलि सस्तो हुनुपर्यो । यसमा पनि अनुदान दिनुपर्यो । मेरो घरमा इन्डक्सन छ भनेर गर्व गर्न सक्नु पर्छ । नेपालको झण्डावाला विजुलीको चुल्होमा खाना बनाउने हामीले योजना ल्याउनुपर्छ । कुरा रह्यो मर्मतको त्यो पनि केही समयमा बनाउने स्थानहरू निर्माण गरौ ।

विजुली बसका लागि चार्जिङ स्टेशनको सुरूवात भइसकेको छ । यो एउटा राम्रो कामको सुरूवात हो । भारतमा कोइला धेरै भएका कारण उसले कोइलाबाट चल्ने रेल बनाएको छ । नेपालमा विद्युत छ भने त्यसबाट चल्ने रेल ल्याउनुपर्यो । अहिले जनकपुरमा डिजेलबाट चल्ने रेल ल्याएको छ । नेपालमा विद्युतका चार्जिङ स्टेशन बन्दै गर्दा सरकारले सोही अनुरूपका काम गर्नु पर्ने थियो । तर त्यसो हुन सकेको छैन । अरू देशले डिजेललाई विद्युतमा रूपान्तरण गरिसके । हामी भने फेरि पुरानै युगमा छौ । हामी कति मूर्ख छौ भन्ने कुरा यसैले देखाउँछ । यी कुरालाई हेर्ने हो भने नेपालमा विजुली बिक्दैन भन्नु मुर्खहरूको धारणा मात्र हो ।

नेपाल विद्युत प्राधिकरणले विद्युत बढी छ भनेर बोल्छ भने त्यो मानिस त्यहाँबाट तुरून्त हट्नु पर्छ । उज्यालो सडक योजनालाई एक वर्षमा पुरा गरौ । त्यसका लागि कति पैसा चाहिने हो त्यसको व्यवस्थापन गरौं । एक दुई अर्बमा यो काम हुन्छ । यसमा पनि विद्युत खपत हुन्छ । सोलारका पावरका संरचना पनि पुराना भइसकेका छन् । त्यसको पनि पुर्नजीवन हुन्छ । तर विद्युत प्राधिकरण यसमा उदासिन छ । उसले विद्युत खपत गर्ने त कुनै नामो निशान छैन । खाली नकिन्ने बहाना मात्र गर्छ । र बढी भएको बहाना गर्छ । यसमा सरकारको नीति पनि परिवर्तन हुनुपर्छ । अहिले १५ हजार मेगावाट र निकट भविष्यमा नै ५०, ६० हजार मेगावाट खपत त हामी नेपालमा नै गर्न सक्छौ ।

त्यसलाई निकासी गर्ने भन्दा यही खपतको तयारी गर्नुपर्छ । वर्षाको समयमा ४५६ उत्पादन गर्ने तामाकोसीले हिउँदमा ९० मेगावाट मात्र उत्पादन गर्न सक्छ । त्यो अवस्थामा भने बजारलाई कसरी सन्तुलनमा राख्ने त्यो सोच्नु पर्छ । यसमा भने भारतसँग पैंचो सापटी गर्न सकिन्छ । यस्ता प्रावधान राख्नु पर्छ । बंगलादेशले पनि ७५० मेगावाट किन्छु भनेको छ । यसको अलवा विहार र उत्तरप्रदेशसँग पनि हुन सक्छ । यसको अर्थ के हो भने विजुलीको बजार अझै धेरै बर्षका लागि हामीसँगै छ । यसमा नेविप्राले पिपिए बन्द गरेर बस्न मिल्दैन । यो चाहिँ देश विकासको अवरोध हो ।

# दोहोरो चरित्रले विद्युत् पूर्वाधार निर्माणमा सकस



प्रसारण लाइन सम्पन्न गर्नु फलामको चिउरासरह : कुलमान घिसिङ



ग्राहकसम्म पुऱ्याउने प्रसारण र वितरण लाइन खोइ ? : ज्ञानेन्द्रलाल प्रधान



कार्यान्वयनका उल्झनले धेरै समस्या : अनुप उपाध्याय

**गोपालचन्द्र सुवेदी/लक्ष्मण काफ्ले**

काठमाडौं, माघ २५ गते । विद्युत् उत्पादन बढ्दै जाँदा त्यसलाई मुलुकभर सहज र दिगो रुपमा वितरण गर्ने प्रसारण लाइन निर्माणको गति भने सुस्त छ । बढ्दो ऊर्जाको माग सम्बोधन गर्ने लक्ष्यका साथ सरकारले उच्च क्षमताका प्रसारण लाइन निर्माणलाई विशेष प्राथमिकतामा राखे पनि लगानी, निर्माण प्रक्रिया, स्थानीय अवरोध तथा सरकारी निकायबीचकै समन्वय अभावले यो प्रक्रिया अवरूद्ध छ ।

सरकारले नदी कोरिडोरमा आधारित उच्च क्षमताका प्रसारण लाइन बनाउन दशक पहिलेदेखि नै प्रक्रिया थाले पनि निर्धारित समयमा तयार हुन सकेका छैनन् । यसकै कारण पनि गत वर्षायाममा देशको एक भूक्षेत्रमा विद्युत् आवश्यकता रहँदा अन्यत्रको छ सय मेगावाटसम्म विद्युत् उत्पादन नै नगरेर खेर फाल्ने अवस्था आएको थियो ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको अनुभवमा प्रसारण लाइन सम्पन्न गर्नु फलामको चिउरा चपाउनुसरह हुने गरेको छ । दशकपछिका आवश्यकता हेरेर प्रसारण लाइन बनाउन थालिएको हुन्छ तर सरकारी निकायबीचका, ठेकेदारका, स्थानीयवासीका समस्या तथा सम्बन्धित न्यायिक प्रक्रियाका ढिलासुस्तीले समस्या पर्छ , उहाँले भन्नुभयो, प्रसारण लाइनमुनिको रुख कटानकै अनुमति पाउन वर्षौं कुर्नुपर्छ, अदालतमा मुद्दा पर्छ, स्टे अर्डर आउँछ तर पेसी कुर्दै वर्ष बित्छ अनि समयमा काम हुँदैन ।

निर्माणाधीन केही प्रसारण लाइन सकस पार गर्दै अन्तिम चरणमा छन् । पूर्वी नेपालको इनरूवा-ढल्केबर हुँदै मकवानपुर-भरतपुर र त्यहाँबाट बर्दघाटसम्म बिजुली चलायमान बनाउने प्रसारण लाइन अदालतकै अन्तरिम आदेशले रोकिएको छ । सो प्रसारण लाइन आयोजना स्रोतका अनुसार दुम्कीबासमा दुईवटा टावर बनाउन सर्वोच्चको आदेशले रोकिँदा बाँकी सबै काम सकेर पनि चुप लाग्नुपर्ने अवस्था छ ।

मकवानपुर-ढल्केबर खण्डमा सामुदायिक वनको रुख कटानको अनुमति पनि आएको छैन । सकसबीच १३२ केभी सोलु कोरिडोरको तिङ्लादेखि घुर्मीसम्म चार्ज भएको छ । २२० केभी त्रिशूली कोरिडोर अबको एक वर्षमा सम्पन्न हुने अवस्थामा पुगेको छ । कालीगण्डकी कोरिडोर कुश्मा-दाना खण्ड सञ्चालनमा आइसकेको छ भने कुश्मा-भरतपुर खण्ड यसै वर्ष सकिने अपेक्षा घिसिङको छ ।

खिम्ती-बाह्रबिसे-लप्सीफेदी चार सय केभी प्रसारण लाइन पनि विवाद समाधान गर्दै अघि बढाउने योजना प्राधिकरणको छ । काठमाडौंको नाङ्लेभारेदेखि नुवाकोट, रातमाटे हुँदै बुटवलसम्म पुग्ने ३१२ किलोमिटर चार सय केभी क्षमताको प्रसारण लाइन निर्माणको टुङ्गो अझै लागिसकेको छैन ।

मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) को सहयोगमा मिलेनियम च्यालेन्ज एकाउन्ट नेपालले यो आयोजना बनाउने निधो भएको हो तर यससम्बन्धी सम्झौता संसद्बाट अनुमोदन हुनुपर्ने प्रावधान कार्यान्वयन हुन नसक्दा आयोजना अन्योलमा छ । सन् २०४० सम्म आर्थिक रुपले सम्भाव्य आयोजना निर्माण थालिसक्ने योजना सरकारको छ ।

यही योजनाअनुसार चुस्त र भरपर्दो विद्युत् प्रसारण लाइन सञ्जाल बनाउन पावर ग्रिड प्लान बनाइएको हो । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका पूर्वसचिव अनुप उपाध्यायका अनुसार दशकपूर्व नै दशकौंपछिका आवश्यकता हेरेर योजना बनाउने र कार्यान्वयन बनाउने काम गर्छ तर कार्यान्वयनका उल्झनले धेरै समस्या पार्ने उहाँको अनुभव छ ।

पहिले आफ्ना भोटर क्षेत्रमा बिजुली चाहियो भनेर दबाब आउँछ*, उहाँले अनुभव सुनाउनुभयो, }अनि पोल गाड्दा फेरि तिनै नेताले त्यो ठाउँमा पोल नगाड भन्नुहुन्छ, यस्ता दोहोरो चरित्रले धेरै सकस पार्छ । *
नेपालमा अहिले जलविद्युत्को जडित क्षमता करिब दुई हजार मेगावाट छ ।

विद्युत् विकास विभागका अनुसार करिब सात हजार मेगावाट क्षमताका २१६ जलविद्युत् आयोजनाले निर्माण अनुमति लिइसकेका छन् । १५ हजार मेगावाट क्षमताका २०२ आयोजनाले सर्वेक्षण अनुमति पाएका छन् ।

विद्युत् उत्पादनको यो आँकडाले पर्याप्त बिजुली पाइन्छ र निर्यात हुन्छ भन्ने आमबुझाइ रहे पनि ऊर्जा उद्यमी भने झस्कने अवस्थामा छन् । ऊर्जा उद्यमी ज्ञानेन्द्रलाल प्रधान यो आँकडा निजी क्षेत्र ध्वस्त पार्ने आँकडासमेत बन्न सक्ने डर मान्नुहुन्छ ।

उत्पादन भएर ग्राहकसम्म बिजुली पु-याउने प्रसारण लाइन र वितरण लाइन खोइ ?*, उहाँ भन्नुहुन्छ, }विकास पूर्वाधारमा भएको गलत राजनीतिले नेपालको जलविद्युत् क्षेत्र ध्वस्त पार्न सक्छ । * पूर्वाधार विकासमा अन्तर्राष्ट्रिय अनुदान लिएर तत्काल प्रसारण लाइन निर्माण गर्नुपर्ने उहाँको भनाइ छ । नेपालको विद्युत् निर्यात र स्वदेशी खपत प्रवर्द्धनका लागि पनि यो परियोजना अपरिहार्य छ ।

हाम्रो बिजुली खपत भएन भने प्रवर्द्धक मात्र डुब्दैनौं*, उहाँले भन्नुभयो, }सर्वसाधारणको सेयर लगानी र बैङ्कहरुको अर्बौंको लगानी पनि डुब्ने र अर्थतन्त्र नै खलबलिने खतराको महसुस निजी क्षेत्रले गरेको छ । * एमसीसीको सहायता परियोजनालाई अन्तरिक राजनीतिको किचलोको मुद्दा बनाउनु दुःखद भएको उल्लेख गर्दै प्रधानले भन्नुभयो, }यो विवादले सडक र विद्युत् पूर्वाधारका दुई परियोजना रोकिए त्यसले उत्पन्न गर्ने दुरवस्था भीमकाय छ । वैदेशिक लगानी कसरी ल्याउने, अर्बौं लगानी गरेर विद्युत् किन उत्पादन गर्ने, सबै टाट पल्टने अवस्था आउनेछ । *

सरकारको योजना हेर्दा हरेक नदी बेसिनमा आधारित प्रसारण लाइनलाई अन्तरदेशीय प्रसारण लाइनसम्म जोड्ने योजना छ । नेपाल र भारतबीच विद्युत् आदानप्रदानका लागि अन्तरदेशीय प्रसारण लाइनदेखि देशभित्रै उत्तर-दक्षिण कोरिडोर जोड्ने गरी विभिन्न आयोजना अगाडि बढाइएको छ ।

त्यस्तै पूर्व-पश्चिम बिजुली आदानप्रदानका लागि पनि चार सय केभी प्रसारण लाइन निर्माणका लागि आवश्यक तयारी गरिएको घिसिङको भनाइ छ । अब कुनै पनि प्रसारण लाइन निर्माणमा ढिलाइ गर्नु राष्ट्रिय अर्थतन्त्रकै लागि प्रत्युत्पादक हुन जाने मत उपाध्याय, घिसिङ र प्रधानको छ ।

# विद्युत खपत बढाउँन खाना पकाउने ग्यास सिलिण्डरको अनुदान हटाउनु पर्छ : ज्ञानेन्द्रलाल प्रधान



उर्जा उद्यमीहरूले देश भित्र विद्युत खपत बढाउँन खाना पकाउने ग्यास सिलिण्डरमा दिईदै आएको अनुदान हटाउन माग गरेका छन् । बुधबार आयोजित 'स्वदेशी खपतसँग विद्युत व्यापार र आगामी बजेट' विषयक अन्तरक्रियामा उर्जा उद्यमीहरूले पहिलो प्राथमिकता देश भित्र नै विद्युत खपत बढाउने हुनु पर्ने भएकोले सिलिण्डरमा दिईदै आएको अनुदान हटाउन माग गरेका हुन् ।

अन्तरक्रियामा उर्जा उद्यमी ज्ञानेन्द्रलाल प्रधानले हाल नेपाल सरकारले ग्यास सिलिण्डरमाप्रति सिलिण्ड ३१८ रूपैयाँ अनुदान दिईरहेकोले त्यसलाई हटाउनु पर्ने बताएका हुन्। उक्त अनुदान इन्डकसन चुलोमा दिन सकिने उनको भनाई थियो । इन्डकसन चुलोमा अनुदान नदिएपछि सिलिण्डर ग्यासको अनुदान हटाएमा विद्युत खपत बढ्ने उनको भनाई थियो । अनुदान हटाउँदा सिलिण्डर महंगो हुने र बिजुलीबाट खाना पकाउन सस्तो पर्ने भएकोले विद्युत खपत बढाउन यो आवश्यक रहेको उनको भनाई थियो ।

नेपालले २ लाख गिगावाट आवर बिजुली खपत गर्न सक्ने भएकोले खपत बढाउनु पर्ने प्रधानले बताए । पोखराका हरेक घरधुरीलाई इनडकसन् चुलो वितरण गरेमा त्यसबाट नै २०० मेगावाट बिजुली खपत बढ्ने प्रधान बताउछन् । त्यस्तै अहिले पनि विभिन्न उद्योगहरूले ३०० मेगावाट बिजुली माग गरेको तर पाउँन नसकेकोले उनीहरूलाई पनि बिजुली उपलब्ध गराएर खपत बढाउन सकिने उनको भनाई छ ।

हाल प्रस्ताव गरिएको विद्युतीय बिरगंज-काठमाडौं रेल मार्ग बनेमा नेपालबाट भारत जान १ सय अर्ब रूपैयाँ जोगिने र २० अर्ब बराबरको बिजुली खपत बढ्ने प्रधान बताउछन् । त्यस्तै स्टिल उद्योगलाई सस्तो दरमा बिजुली दिएमा १२ अर्ब बराबरको खपत बढ्ने उनको भनाई छ ।

नेपालमा उत्पदित बिजुलीलाई एपल भित्र नै खपत गर्नु पर्ने र त्यसको लागि घरायसी प्रयोजन, उद्योग र यातायात क्षेत्रको खपत बढाउनु पर्ने उनको सुझाव छ । २ वर्ष भित्र १ हजार देखि १५ सय मेगावाट बिजुली खपत बढाउन सकिने उनको बुझाई छ ।

विद्युत उत्पादनले देशको जीडीपीलाई नै प्रत्यक्ष प्रभाव पार्ने भएकोले विजुली उत्पादन र खपत बढाउन पहल गर्नु पर्ने उनको भनाई छ । अपर तामाकोशीको बिजुलीले मात्र देशको जीडीपी ०.६ प्रतिशतले बढ्ने उनी बताउछन् ।

HYDRO INTERVIEW

# बुटवल-गोरखपुर प्रसारण लाइन निर्माण गर्न लगानी सम्झौतामा हस्ताक्षर




काठमाडौ । बुटवल-गोरखपुर ४०० केभी दोस्रो अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्न नेपाल र भारतबीच सम्झौता भएको छ । नेपाल विद्युत प्राधिकरण र भारत सरकारको स्वामित्वमा रहेको पावर ग्रिड कर्पोरेसन अफ इन्डिया लिमिटेडबीच विद्युत व्यापारका लागि महत्त्वपूर्ण मानिएको अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्न संयुक्त लगानी गर्ने सम्झौतामा बुधबार (भदौ २३ गते) हस्ताक्षर भएको हो ।

भारतको नयाँ दिल्लीमा भएको कार्यक्रममा प्राधिकरणका तर्फबाट कार्यकारी निर्देशक कुलमान घिसिङ र पावर ग्रिडकातर्फबाट कर्यकारी निर्देशक वाइ के दीक्षितले सम्झौतामा हस्ताक्षर गरेका छन् । हस्ताक्षरपछि प्रसारण लाइनअन्तर्गत भारतर्फको खण्ड निर्माणका लागि प्राधिकरण र पावर ग्रिडको ५०/५० प्रतिशत संस्थापक सेयर रहने गरी संयुक्त कम्पनी स्थापना गर्न बाटो खुलेको कार्यकारी निर्देशिक घिसिङले बताए ।

मन्त्रिपरिषदको गत साउन १९ गतेको बैठकले बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइनको भारततर्फको खण्ड निर्माणका लागि स्थापना गरिने कम्पनीमा ५० प्रतिशत सेयर लगानी गर्न प्राधिकरणलाई स्वीकृति दिएको थियो ।

‘२ मुलुकका सचिव र सहसचिवस्तरीय संयन्त्रको बैठकले भारतर्फको खण्ड निर्माण गर्न संयुक्त लगानी रहने गरी कम्पनी स्थापना गर्ने र काम अघि बढाउने सहमति पहिले नै भएको हो,’ उनले भने, ‘मन्त्रिपरिषदबाट स्वीकृति नपाउँदा प्रक्रिया अघि बढ्न सकेको थिएन । स्वीकृति पाए लगत्तै संयुक्त लगानी तथा सेयरहोल्डर सम्झौता गरेका छौं ।’ उनले अब प्रबन्ध पत्र र नियमावली तयार गरी कम्पनी स्थापना गर्ने तथा प्रसारण सेवा सम्झौता गर्न बाटो खुलेको बताए ।

उनले निर्माण सुरू गरेको ३ देखि साढे ३ वर्षभित्रमा सम्पन्न गर्ने गरी काम अघि बढेको बताए । बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइनको लम्बाई १ सय २० किलोमिटर छ । त्यसमध्ये नेपालतर्फ २० किलोमिटर पर्छ भने भारतर्फ १ सय किलोमिटर पर्छ ।

नेपालतर्फ पर्ने खण्ड नेपाल आफैंले र भारतर्फको प्राधिकरण र पावर ग्रिडको ५०/५० प्रतिशत सेयर स्वामित्वमा स्थापना हुने कम्पनीले निर्माण गर्नेछ । प्रसारण लाइनले करिब २ हजार मेगावाट विद्युत बोक्न सक्ने सक्ने प्राधिकरण विद्युत व्यापार विभागका निर्देशक प्रबल अधिकारीले बताए ।

‘अहिले सञ्चालनमा रहेको ढल्केबर-मुजफ्फरपुर पहिलो अन्तरदेशीय ४०० केभी प्रसारण लाइनले भन्दा बुटवल-गोरखपुर प्रसारण लाइनले दुई गुणा बढी क्षतामा विद्युत प्रवाह गर्न सक्छ । यो प्रसारण लाइन २ देशबीच विद्युत व्यापार गर्ने जीवन रेखा हुनेछ’ उनले भने ।

नेपाल-भारत ऊर्जा सचिव तथा सहसचिवहरुको संयन्त्रको २०७६ असोज २७ र २८ गते भएको ७औं बैठकले प्रसारण लाइन निर्माणको लगानी ढाँचाको टुंगो लगाएको थियो । करिब ६ अर्ब लागत अनुमान गरिएको प्रसारण लाइन आयोजनामा संयुक्त कम्पनीले २० प्रतिशत स्वपुँजीका रुपमा लगानी गर्नेछ र बाँकी रकम ऋण लिने सहमति छ ।

विद्युत व्यापारका विषयमा भारतीय अधिकारीहरूसँग छलफल

घिसिङ नेतृत्वको टोलीले नेपालमा खपत गरेर जगेडामा हुने विद्युत बिक्री गर्ने सम्भावनाका सम्बन्धमा भारतीय अधिकारीहरूसँग छलफल गरेको छ । ४५६ मेगावाटको माथिल्लो तामाकोसी र अन्य निजी क्षेत्रले निर्माण गरेका जलविद्युत आयोजनाबाट उत्पादित विद्युत बर्खाको समयमा मुलुकभित्र खपत गर्न नसकी खेर जाने अवस्था आएकाले प्राधिकरण टोली भारत गएको हो ।

टोलीले भारतको विद्युत मन्त्रालय, केन्द्रीय विद्युत प्राधिकरण, विहार स्टेट पावर होल्डिङ कम्पनी लिमिटेड. र नेपालसँग विद्युत व्यापार गरिरहेका भारतीय कम्पनीहरुसँग छलफल गरेको थियो । नेपालमा जगेडा भएको विद्युत भारत र बंगलादेशमा बिक्री गर्नका लागि भारतीय अधिकारीहरुसँगको छलफल सकारात्मक रहेको घिसिङले बताए ।

# चालू वर्ष विद्युत तथा ग्यास क्षेत्रको वृद्धिदर ३६.६७ प्रतिशत पुग्ने अनुमान




काठमाडौं । निर्माण पूरा भई गत आर्थिक वर्ष (आव २०७७/७८) को अन्त्यदेखि सञ्चालनमा रहेको ४५६ मेगावाटको माथिल्लो तामाकोसीले अर्थतन्त्रको ग्राफलाई ह्वात्तै माथि उकासेको छ । कूल गार्हस्थ उत्पादन (जिडिपी) मा विद्युत तथा ग्यास क्षेत्रको कूल मूल्य अभिवृद्धि (जिभिए) साढे ३६ प्रतिशतभन्दा बढी हुनुमा मुख्यतः तामाकोसीको योगदान देखिएको हो ।

केन्द्रीय तथ्यांक विभागले आज (बैशाख १५ गते) चालू आर्थिक वर्षको ६ देखि ९ महिनासम्मको उपलब्ध तथ्यांकको अध्ययन र बाँकी अवधिमा हासिल हुने उपलब्धिको अनुमानका आधारमा उल्लेखित विवरण बाहिर ल्याएको हो । विभागका अनुसार विद्युत, ग्यास, वाष्प तथा वातानुकुलित आपूर्ति सेवाले चालू आवको जिडिपीमा १.३७ प्रतिशत योगदान दिने अनुमान गरिएको छ ।

यस क्षेत्रको कूल मूल्य अभिवृद्धि (जिभिए) अघिल्लो आर्थिक वर्ष ( आव २०७७/७८) को तुलनामा चालू आवमा ३६.६७ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । अघिल्लो आवको अन्त्यमा माथिल्लो तामाकोसीबाट विद्युत उत्पादन सुरू भएका कारण यस क्षेत्रको मूल्य अभिवृद्धिमा उल्लेख्य सुधार भएको जनाइएको छ ।

यसैगरी, द्वितीय क्षेत्र अन्तर्गतका उद्योग, विद्युत तथा ग्यास, पानीको आपूर्ति र निर्माण क्षेत्रको जिडिपीमा १३.७ प्रतिशत योगदान रहने प्रारम्भिक अनुमान गरिएको छ । अघिल्लो आवको तुलनामा चालू आव २०७८/७९ मा यस क्षेत्रको जिभिए वृद्धिदर स्थिर मूल्यमा १०.२९ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।

यहाँ पनि माथिल्लो तामाकोसीबाट विद्युत उत्पादन भएपछि यसले निर्माण कार्य तथा  औद्योगिक उत्पादनमा वृद्धि गराएको उल्लेख छ । तामाकोसीकै कारण भारतबाट आयात गर्नुपर्ने विद्युतमा समेत उल्लेख्यमात्रामा कमी आएको छ ।चालू आवको ६ देखि ९ महिनासम्मको आर्थिक क्षेत्रहरुसँग सम्बन्धित आँकडा तथा सूचनाहरुको विश्लेषणका आधारमा जिडिपीको वृद्धिदर ५.४९ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ । सोही वृद्धिदर गत आवमा ३.८३ प्रतिशत अनुमान गरिएको र आव २०७६/७७ मा २.४२ प्रतिशत ऋणात्मक रहेको विभागले उल्लेख गरेको छ ।

बृहत् आर्थिक क्षेत्रअनुसार चालू आवमा प्राथमिकता क्षेत्रको २.४४, द्वितीय क्षेत्रको १०.२९ र सेवा क्षेत्रको ५.९३ प्रतिशत आर्थिक वृद्धि हुने अनुमान गरिएको छ । प्राथमिक अन्तर्गतको कृषि, वन तथा मत्स्य र खानी उत्खनन् क्षेत्रले चालू आवमा कूल जिडिपीको २४.५ प्रतिशत योगदान पुर्याउने प्रारम्भिक अनुमान छ ।

यस्तै, सेवा अन्तर्गत थोक तथा खुद्रा व्यापार, आवास तथा भोजन सेवा, यातायात तथा भण्डारण, वित्तीय मध्यस्थता, घरजग्गा कारोबार, पेशागत तथा प्रशासनिक व्यावसायिक सेवा, सार्वजनिक प्रशासन तथा रक्षा, शिक्षा, स्वास्थ्य र अन्य सेवाहरु पर्दछन् । यो क्षेत्रले चालू आवमा कूल जिडिपीमा ६१.८ प्रतिशत योगदान पुर्याउने अनुमान छ ।

चालू आवको जिडिपीमा अनुमानित ५.६५ प्रतिशत योगदान दिएको उद्योग क्षेत्रको कूल मूल्य अभिवृद्धि ६.१४ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । जिडिपीमा निर्माण क्षेत्रले ६.१७ प्रतिशत योगदान पुर्याउने अनुमान रहेकोमा चालू आवमा यस क्षेत्रको जिभिए ९.५१ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ ।

# भारतले नेपालबाट ५ हजार मेगावाट सम्म बिजुली किन्ने छ




अहिले श्रीलंकाले चरम उर्जा संकटको सामना गरिरहेको छ । यस्तो बेला भारत सरकार स्वामित्वको पीटीसी इन्डिया लिमिटेड दक्षिणी छिमेकीलाई बिजुली आपूर्ति गर्न इच्छुक छ । यद्यपि दुई राष्ट्रहरु बीचको सबसी केबलको अभावले बिजुली आपूर्तिमा अवरोध खडा गरेको छ । सबसी केबलको व्यवस्था भएमा पीटीसी इन्डियाले नेपाल र भुटानबाट बिजुली किनेर श्रीलंकासम्म आपूर्ति गर्न जानकारी गराएको छ ।

पीटीसीका अध्यक्ष र प्रबन्ध निर्देशक राजीवकुमार मिश्र श्रीलंकालाई सबसी केबल निर्माण गर्न परामर्श सेवाहरु पनि उपलब्ध गराउन सक्ने बताउँछन । यस्तै नेपाल र भुटानमा जलविद्युत विकास तीव्र गतिमा भइरहेको छ । नेपाल र भुटानको बिजुली आयात गरेर भारतले ठूला लाभ लिन सक्ने देखिएको छ । भारतको सरकारी कम्पनी पीटीसीका अध्यक्ष तथा प्रबन्ध सञ्चालक मिश्रसँग लाइभ मिन्टले गरेको कुराकानीः

**भारतको छिमेकी राष्ट्रहरुसँग राम्रो गठबन्धन छ । यद्यपी, अहिले अन्तर्राष्ट्रिय स्तरमा कस्ता घटनाक्रमहरू भइरहेका छन ?**

नेपाल र भुटानमा आउँदै गरेको ऊर्जाको नयाँ पुस्ताको क्षमता पीटीसीक लागि मात्र नभई सम्पूर्ण देशका लागि धेरै लाभदायक र महत्वपूर्ण हुनेछ । भारतमा धेरै नवीकरणीय ऊर्जा आपूर्ति हुने अवस्था आउँदैछ । भारतमा जुन ऊर्जाको स्रोतहरू आउने छन ति सबै नवीकरणीय हुने छन । नविकरणीयको आफ्नै समस्याहरु छन
जस्तै, दिनको समयमा तपाईंसँग नवीकरणीय ऊर्जाको स्रोत छ । तर, जब तपाईंलाई प्रकाश र अन्य आवश्यकताहरुको लागि बिजुली चाहिन्छ, तपाईंसँग सौर्य भएर मात्र हुँदैन । त्यसका लागि केही पूरक शक्ति चाहिन्छ । या त त्यो ग्यास आधारित हुन सक्छ, वा हाइड्रो हुन सक्छ कित तपाई थर्मल ऊर्जाको प्रयोग गर्न सक्नुहुन्छ । थर्मल पूरक हुन सक्छ ।

जलविद्युतमा नवीकरणीय ऊर्जाको पूरक हुने प्रचुर सम्भावना छ । त्यसैले नवीकरणीय ऊर्जालाई पूरक बनाउन भुटान र नेपालमा उत्पादित बिजुली देशका लागि ठूलो सहयोगी हुनेछ । पीटीसीले देशमा त्यो शक्ति ल्याउन सबै प्रयास गरिरहेको छ । र, यो हुन्छ भनेर हेर्न कोशिस भइरहेको छ । हाम्रो पछिल्लो मूल्यांकनअनुसार आगामी ५ वर्षमा नेपालबाट झण्डै ३ हजारदेखि ५ हजार मेगावाट आउने छ । त्यसैगरी भुटानबाट २ हजारदेखि ४ हजार मेगावाट पाइपलाइनमा छ ।

**अहिले ऊर्जा संकटको सामना गरिरहेको श्रीलंकाका लागि तपाईंसँग कुनै योजना छ ?**

हामी पक्कै पनि श्रीलंकालाई बिजुली आपूर्ति गर्न इच्छुक छौं । तर, श्रीलंका अहिले भारतसँग जोडिएको छैन । श्रीलंकालाई ऊर्जाको अत्यन्तै खाँचो छ र भारतले उनीहरुलाई आफ्नो क्षमताले सकेसम्म आपूर्ति गर्न सक्थ्यो । सबसी केबलको कारणले संभव भएको छैन । श्रीलंकालाई हामी सहयोग गर्न इच्छुक छौं । ताकि परियोजनाको व्यवहार्यता कायम राख्न सकियोस
हामी श्रीलंकाका अधिकारीहरुसँग सम्झौता गर्न सक्छौं । त्यसको आधारमा व्यवहार्यता प्रमाणित गर्न सकियोस । हामी पनि सबसी केबलमा परामर्शका सहयोग गर्न सक्छौं।

**पीएफएस विरूद्ध गलत शासनको आरोप लगाइएको थियो। ऋणदाता र कम्पनीको जोखिम व्यवस्थापन समितिले क्लिनचिट दिए पनि यस विषयमा पीटीसीको बोर्डमा भिन्नता देखिएको छ । यसमा तपाईको विचार के छ ?**

पीटीसी भारतको एक राम्रो कम्पनी हो, जसले धेरै राम्रो काम गरिरहेको छ । होल्डिङ कम्पनी पीटीसीको सवालमा हामीले सुशासनका साथ आज हामी जुन स्तरमा छौं त्यसमा पुग्न सक्छौं भनी निरन्तर रुपमा देखाएका छौं ।

जहाँसम्म पीटीसीको सम्बन्धमा जे कुराहरू आएका छन पूर्ण रुपमा असत्य छन । किनभने यो पीटीसीसँग सम्बन्धित छैन । पीटीसी व्यापारिक संस्था हो । जहाँ हाम्रो नियामक केन्द्रीय विद्युत नियमन आयोग ( सीईआरसी) हो ।

# Contact Us

Hydro Solutions
Agro. Capital Market. Education. Hydropower. Manufacturing. Real Estate. Tourism.




**Dillibaza,Charkhal Kathmandu,Nepal**
**P.O. Box: 3572, Kathmandu, Nepal**
**Email: info@hydrosolutions.com.np**
**Tel: + 977-1-4424644**